# आर्थिक वर्ष २०७५/०७६ को

# नीति तथा कार्यक्रम

मष्टा गाउँपालिकाका

गाउँ कार्यपालिकाको कार्यालय

७ नं. प्रदेश, भातेखोला, बझाङ्ग

## मष्टा गाउँपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

गाउँसभाका अध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

प्रमुख अतिथि ज्यू, लगायत अन्य अतिथि गण

मष्टा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तजुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्तित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्राद्धाञ्जली व्यक्त गर्दछु । जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिकहरुको सम्मान गर्दै राजनीतिक परिवर्तनका लागि युगन्तकारी नेतृत्व निर्वाह गर्ने राजनीतिक अग्रज शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान जारी भइ संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था भइ स्थानीय तहको निर्वाचन सम्पन्न भएको १ वर्ष पूरा भएको छ । यस अवधिमा संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको अधिकार प्रयोग गरि यस मष्टा गाउँपालिकामा स्थानीय शासन सञ्चालनको अभ्यास भइ रहेको छ । मष्टा गाउँपालिकाले आ.व. २०७४/०७५ मा लिएका नीति तथा कार्यक्रमहरु विविध चुनौति तथा समस्याका माझ कतिपय कार्यान्वयन भइ सकेका छन भने केहि नीति तथा कार्यक्रमहरु कार्यान्वयन भइ रहेको अवस्था छ ।

अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७५/ ०७६ को नीति तथा कार्याक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. मष्टा गाउँपालिका भौगोलिक रुपमा विकटता र गरिबिका कारण यस क्षेत्रका अधिकाँस जनताको जीवनस्तर कष्टकर रहेको छ । यस गाउँपालिकाको स्थानीय सरकारले गाउँपालिका भित्रका जनताको जीवनस्तरमा सुधार ल्याउन योजना तर्जुमा गर्दा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका योजना तर्जुमा गर्ने, मागमा आधारित योजनालाइ प्राथमिकीकरण गरी आम जनतालाइ योजना तर्जुमा तथा योजना कार्यान्वयनमा सहभागी गराइ विकासका गतिविधिहरुलाइ तिब्र रुपमा सञ्चालन गरी यस क्षेत्रका जनताको गरिबी न्यूनिकरण गर्ने प्रमुख नीति लिइएको छ ।

२. गाउँपालिका भित्र सिंचाईको सुविधा नपुगेका तर सिंचाइको संभाव्यता रहेका कृषियोग्य भूमिमा क्रमशः पक्की सिंचाइ कुलो निर्माण गर्ने, समयमै कृषकहरुलाइ उन्नत बिउ तथा आवश्यक मलको व्यवस्था गरी कृषिको उत्पादकत्वमा वृद्धि गर्ने र वाली विविधिकरणमा जोड दिदैं कृषिलाइ आधुनिकीरण र व्यवसायीकरण गरिनेछ। पशुहरुको नश्ल सुधार गर्ने, यस क्षेत्र भित्रमा प्रत्येक गाउँमा पशुपालन समूह गठन गरी उन्नत जातका बाख्रापालन, जर्सीगाई पालन ,कुखुरा पालन लगायत पशुपंक्षी पालनमा कृषकहरुलाइ प्रोत्साहन गरी दुग्धजन्य तथा मासुजन्य वस्तुहरुमा गाउँपालिकालाइ आत्मनिर्भर बनाउनका साथै निर्यात प्रवर्द्धनमा जोड दिइनेछ।

३. यस गाउँपालिकामा आ.व. ०७४/०७५ मा नगदे वाली अन्तर्गत वडा नं. ५ को सेरारुपैल किनाडामा र वडा र नं. ७ लाइ अलैची पकेट क्षेत्र र अन्य वडामा समेत अलैंचीको खेती शुरु गरिएको छ र आगामी तीन वर्ष पछि अलैंची निर्यात गर्ने र अन्य नगदे वालीको अध्ययन गरी नगदे वालीको पकेट क्षेत्र बनाइ जनताको आयआर्जनमा वृद्धि गर्ने नीति लिइएको छ।

४. गाउँपालिका अन्तर्गत वडा नं. १,२,३,४ र ५ मा आ.व. २०७४/०७५ सडक सञ्जालले जोडि सकेको र वडा नं. ६ र ७ मा आ.व. २०७५/०७६ मा सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरिने छ साथै बाह्रै महिना गाउँपालिका भित्र यातायात सञ्चालन गर्न सेती नदीमा पक्की पुल निर्माणका लागि केन्द्र तथा प्रदेश सरकारमा आवश्यक पहल गर्नुका साथै गाउँपालिका भित्रका प्रत्येक गाउँबस्तीमा क्रमशः सडक सञ्जालले जोडि जनताको जीवनस्तरमा सहजता ल्याउने नीति लिइएको छ।

५. यस गाउँपालिका भित्र रहेका कुरिति कुसंस्कार लैंगिक विभेद, वालविवाह, छुवाछुत, छाउपडि प्रथा अन्त्य गर्दै आर्थिक सामाजिक रुपमा पछाडि परेका नागरिकहरुको उत्थानका लागि सशक्ततिकरणको माध्यमबाट सामाजिक साँस्कृतिक समानता र सहिष्णुतामा आधारित सद्भावको बाटोबाट एकता मजबुद बनाउने नीति लिइएकोछ। साथै मष्टा गाउँपालिकामा बृहत कार्यक्रमका साथ छुवाछुत मुक्त घोषणा गरिने नीति लिइएको छ।

६. मष्टा गाउँपालिका भित्र जनताको जीउधनको सुरक्षा गर्ने, प्राकृतिक विपत्ती, आकस्मिक कार्य, सार्वजनिक सम्पत्तिको संरक्षण तथा कानुन कार्यान्वयनमा सहयोगका लागि यस गाउँपालिकामा अस्थायी रुपमा स्थापना भएको सुरक्षा लाइ आ.व. २०७५/०७६ मा गाउँपालिका स्तरीय स्थायी इलाका प्रहरी कार्यालय स्थापना गरिनेछ र संविधान बमोजिम आवश्यकता अनुसार गाउँ प्रहरीको स्थापना गरी आम जनतालाइ शान्ति सुरक्षाको प्रत्याभूति दिइनेछ।

७. गाउँपालिका भित्र स्वास्थ्यचौकी स्थापना हुन बाँकी वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्ने, आवश्यकताको आधारमा यस क्षेत्र भित्र बर्थिङ सेन्टर स्थापनाका साथै गाउँपालिकाको केन्द्रमा सुविधा सम्पन्न अस्पताल निर्माणका लागि पहल गरिनेछ । स्थापना भएका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार, औषधि, उपकरण, औजार उपलब्ध गराइ गुणस्तरीय स्वास्थ्य सेवामा यस क्षेत्रका सम्पूर्ण नागरिकहरुको सहज, सुलभ, र समान पहुँच सुनिश्चित गर्ने नीति लिइएकोछ ।

८. सुनौला एक हजार दिनका महिला, वालवालिका तथा प्रजननन उमेरका किशोरीहरुमा देखिएको कुपोषणको अवस्थामा सुधार ल्याउने उद्धेश्यले बहुक्षेत्रिय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने नीति रहेको छ ।

९. स्वच्छ सफा र पूर्ण पोषणयुक्त घर, गाउँ र वडा अभियान सञ्चालन गर्दै आगामी ५ वर्ष भित्र यस गाउँपालिकालाई कुपोषणयुक्त भएको घोषणा गर्ने नीति लिइएको छ ।

१०. **पोषणयुक्त खाना, गुणस्तरीय र दीगो खानेपानी हाम्रो आवश्यकता, पूर्ण सरसफाइ छाउ गोठ मुक्त स्वच्छता मष्टा गाउँपालिकाको प्रतिबद्धता** भन्ने नाराका साथ यस गाउँपालिकामा पोषणयुक्त खाना, स्वच्छ खानेपानीको लागि आवश्यक पहल गरिने र गाउँपालिकालाइ छाउगोठ मुक्त अभियान चलाइनेछ ।

११. गाउँपालिकाको प्रत्येक गाउँ टोललाइ सरसफाइ तथा स्वच्छताका लागि अभिप्रेरित गर्ने, विद्यालय खानेपानी तथा सरसफाइ मार्ग निर्देशिकामा उल्लेख भए अनुसार स्टार पद्धतीलाई अवलम्बन गरि हरेक वडामा कम्तिमा एकवटा विद्यालयलाई आ.व. २०७५/०७६ साल भित्र थ्रि स्टार विद्यालयको रुपमा विकास गरि अन्य विद्यालयहरुमा २०७८ साल भित्र थ्रि स्टार विद्यालयको रुपमा विकास गर्ने नीति लिइएको छ ।

१२. यस क्षेत्रमा रहेका विद्यालय उमेर समूहका सम्पूर्ण वालवालिकाहरुलाइ प्रत्येक शैक्षिक सत्रको शुरुमा भर्ना अभियान शुरु गरी वालवालिकाहरुलाइ शिक्षाबाट वञ्चित हुन नदिने, रोजगारी सिर्जना हुने गरी उच्च तहसम्म पढाइ गर्न प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि आवश्यक पहल गरिनेछ । स्थापना भएका विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार र शैक्षिक सामग्री उपलब्ध गराउन साथै पढाइको गुणस्तरमा वृद्धि गरी गाउँपालिका भित्र उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयलाइ पुरस्कार स्वरुप थप भौतिक तथा शैक्षिक सामग्रीहरु उपलब्ध गराइनेछ ।

१३. यस गाउँपालिकामा अवस्थित साँस्कृतिक, प्राकृतिक क्षेत्रहरु ढडार मष्टा मन्दिर, दय मालिका, तपोवन आग्रा प्राकृतिक स्रोतहरु अन्तर्गत जडिबुटी पाइने मुख्य लेकहरु को संरक्षण, संवर्द्धन विकास गर्नुका साथै व्यापक रुपमा प्रचार प्रसार गरी पर्यटकीय स्थलको रुपमा विकास गरी गाउँपालिकाको भरपर्दो राजश्व स्रोत रुपमा लिइनेछ ।

१४. यस गाउँपालिकाको वेरोजगारी समस्यालाइ केहिहदसम्म भए पनि समाधान गर्न उपलब्ध स्रोत साधन अनुसार कागज, अल्लो भांग्रो प्रशोधन, जडिबुटी प्रशोधन, काष्ठ उद्योग, निगालोजन्य सामग्री उत्पादन गर्ने उद्योग स्थापना गर्ने नीति लिइएकोछ । अन्य घरेलु तथा साना उद्योगको सम्भाव्यता अध्ययन गरी क्रमशः स्थापना गर्दै लैजाने नीति लिइएकोछ ।

१५. यस क्षेत्रमा खाना पकाउन मुख्य रुपमा दाउराको प्रयोग हुने जस्ले गर्दा दिनानुदिन वनजंगल विनास हुँदै गइरहेकोछ यस्तो अवस्थालाइ रोक्न अर्थात उर्जाको खपतमा न्यूनिकरण गर्न, वातावरणीय स्वच्छता तथा स्वास्थ्यका दृष्टीकोणले उपयुक्त सुधारिएको चुलो आगामि पाँच वर्ष भित्र गाउँपालिका भित्रका सम्पूर्ण घरधुरी निर्माण गरी वातावरणीय प्रदुषणमा न्यूनिकरण र स्वच्छता कायम गरिनेछ । गाउँपालिका भित्र रहेका सम्पूर्ण लघुजलविद्युतहरुको आवश्यक नियमन तथा व्यवस्थापन गरी नियमित विद्युत प्रशारणमा जोड दिइनेछ । केन्द्रिय विद्युत प्रशारण लाइन जोड्न केन्द्र सरकार सँग आवश्यक पहल गरिनेछ । लघुजलविद्युत पुग्न नसकेका स्वास्थ्य चौकी तथा विद्यालयमा सौर्यउर्जा प्रणाली जडान गरिनेछ ।

१६. यस गाउँपालिकामा विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा प्राकृतिक स्रोत साधनहरुलाइ सकेसम्म नबिग्रने गरि तथा जलवायु परिवर्तनको अवस्थालाइ ध्यानमा राखी विकास निर्माणका कार्यहरु सञ्चालन गरिने नीति लिइएकोछ ।

१७. आर्थिक वर्ष ०७४/०७५ मा नेपाल सरकार डिभिजन सहकारी कार्यालयले स्थानीय तहमा सहकारी हस्तान्तरण गरी सकेको परिप्रेक्षमा स्थानीय जनता सहकारीमा आवद्ध हुने, सहकारी स्थापना गर्ने सहकारी मार्पत आयआर्जन का क्षेत्रमा लगानी गर्ने वातावरणको सिर्जना गरी सहकारीको मूल्य, मान्यता, सिद्धान्त स्थानीय आवश्यकता तथा संघ र प्रदेश कानुनको अधिनमा रहि सहकारी ऐन बनाउने र सहकारी मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने नीति लिईएकोछ ।

१८. गाउँपालिकाको क्षेत्र भित्र भू-क्षय हुने सम्भावना भएका ठाउँमा वृक्षारोपण तथा तटबन्धका लागि विशेष प्राथमिकता दिने, नाङ्गा डाँडाहरु, खोलाले कटान गर्ने क्षेत्रहरु र यस गाउँपालिका भित्र निर्माणाधिन

सडकहरु निर्माण कार्य सम्पन्न भए पछि सडकको दाँयाबाँया वृक्षारोपण गर्नुका साथै कम्तिमा एक घर दुई रुख रोप्ने अभियान सञ्चालन गरी हरियाली प्रवर्द्धन गर्नुका साथै स्वच्छ तथा सरसफाइयुक्त गाउँपालिका बनाउने नीति लिईएकोछ ।

१९. स्थानीय सरकार गठन भएको एक वर्ष वितिसक्दा समेत गाउँपालिका र वडा कार्यालयमा पर्याप्त कर्मचारीको अभावका कारण सार्वजनिक सेवा प्रवाहले गति लिन नसकेको, नागरिकहरुमा सिंहदरवारको अधिकार गाउँमा रहेको अनुभूति नभएको अवस्थामा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय गरी यथाशिघ्र प्रदेश तथा केन्द्र सरकारमा कर्मचारी माग गर्ने, कर्मचारीहरुलाई नयाँ कानुन र सेवाकालिन तालिमको व्यवस्था गरी स्वच्छ, पारदर्शी, जवाफदेही तथा जनमैत्री सार्वजनिक सेवा प्रवाह गर्ने नीति लिइएकोछ ।

२०. यस मष्टा गाउँपालिकामा सुशासन कायम गर्नका लागि यसै आ.व. भित्र सुचना प्रविधि केन्द्र स्थापना गर्नुका साथै सुशासनसँग सम्बन्धित विभिन्न क्रियाकलाप सञ्चालनमा मष्टा गाउँपालिका र साहारा नेपाल बीचको साझेदारीलाइ निरन्तरता दिइ सुशासन प्रवर्द्धनमा जोड दिइनेछ ।

२१. यस गाउँपालिकाको खर्च व्यवस्थापनलाइ नतिजाउन्मुख बनाइनेछ । समयमै काम सम्पन्न हुन सक्ने कार्यक्रम तथा योजनामा मात्र बजेट विनियोजन गरिनेछ । यस गाउँपालिकामा विभिन्न निकायबाट प्राप्त स्रोतलाइ उत्पालनमुलक क्षेत्रमा मात्र परिचालन गरिनेछ ।

२२. विकास योजनालाइ उपलब्धीमुलक बनाउन वडामा योजना तर्जुमा गर्दा प्रमुख आवश्यकता भौगोलिक अवस्था, जनसंख्याको आधारमा बजेट विनियोजन गर्ने नीति लिइएको छ ।

२३. गाउँपालिकामा आन्तरिम आम्दानी अत्यन्तै न्यून रहेको अवस्थामा यस गाउँपालिका भित्र करको दायरालाइ फराकिलो बनाइ सम्पत्ति अनुसार सबैलाइ करको दायरा भित्र ल्याइ एकिकृत सम्पत्ति कर, अन्यकर र दस्तुर मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीमा वृद्धि गरिने छ ।

अन्तमा नीति तथा कार्यक्रम बनाउनमा सहभागी जनप्रतिनिधि, कर्मचारी, महत्वपूर्ण सुझाव दिनु हुने बुद्धिजीवी समाजसेवी तथा अन्य महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद नमस्कार ।**